आज मिति २०८२ साल जेष्ठ ०२ गते शुक्रबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ४५ (पैंतालीसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

**निर्णयार्थ पेश भएका विषयहरु:**

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. नमोबुद्ध नगरपालिकाको विपद् प्रतिकार्य योजना, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।
३. बालमैत्री रणनीति सम्बन्धमा।
४. अस्थायी आवास निर्माण अनुदान सम्बन्धमा।
५. घरधुरीहरुको विस्तृत क्षति आँकलन गर्ने सम्बन्धमा।
६. आर्थिक सहयोग सम्बन्धमा।
७. दाप्चा नमोबुद्ध नगर अस्पताल सम्बन्धमा।
८. निर्णय अनुमोदन सम्बन्धमा।
९. संस्था दर्ता सम्बन्धमा।
१०. विपद् पूर्व तयारीका लागि सामाग्री खरिद गर्ने सम्बन्धमा।
११. विविध।

**निर्णयहरु:**

**निर्णय नम्बर १:**

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नम्बर २:**

मिति २०८१ साल असोज १० गते देखि १२ गतेसम्म परेको अविरल तथा भिषण वर्षात पश्चात आएको बाढी तथा पहिरोका कारणले नमोबुद्ध नगरपालिका भित्र भएको क्षतिको यथार्थ विवरण संकलन गर्न, समुदायको पुनर्स्थापनाको कार्य योजना तयार गर्न, क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माणको विवरण संकलन गर्न परामर्शदाता श्री रेडोक्स कन्सल्ट प्रा.लि. ललितपुरले तयार गरेको नमोबुद्ध नगरपालिकाको विपद् प्रतिकार्य योजना, २०८२ छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने।

**निर्णय नम्बर ३:**

नमोबुद्ध नगरपालिकालाई बालमैत्री वडा घोषणा गर्ने उदेश्य अनुरुप वडा नम्बर ०८ र ११ को वडागत बजेटबाट वडागत बालमैत्री रणनीति योजना तयार गर्ने।

निर्णय प्रमाणीकरण

**निर्णय नम्बर ४:**

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१२ गतेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरो प्रकोपबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ बमोजिम नगरपालिकाले मिति २०८१/०८/०९ गते देखि २०८१/०८/२४ गतेसम्म संचालन गरिएको बाढी/पहिरोबाट प्रभावित घरधुरीहरुको अस्थायी आवास निर्माण अनुदानका लागि तथ्यांक प्रविष्टि शिविरबाट संकलन गरिएको ८२४ घरपरिवारको लागि प्राप्त भएको पहिलो किस्ता वापतको अनुदान रकम सम्बन्धित वडाको विवरण नगरपालिकाबाट पठाउने र सोही विवरणका आधारमा वडा कार्यालयबाट सूचना प्रकाशन गरी निवेदन सहित सिफारिस भई आएका लाभग्राहीहरुलाई मात्र नियमानुसार वितरण गर्ने।

**निर्णय नम्बर ५:**

मिति २०८१ साल असोज १० गते देखि १२ गतेसम्म परेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरोबाट क्षति भएका क्षतिग्रस्त घरधुरीहरुको विस्तृत क्षति आँकलन (Detailed Damage Assessment (DDA) गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राविधिक टोलि खटि आउनु भएको हुँदा सम्पूर्ण वडा कार्यालयबाट प्रतिनिधि खटाई स्थलगत रुपमा विवरण संकलन गर्न आवश्यक सहयोग तथा सहजीकरण गर्ने।

**निर्णय नम्बर ६:**

नमोबुद्ध नगरपालिकामा निर्वाचित जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारले परिभाषित गरेको कडा रोग लागेको खण्डमा नियमानुसार नगरपालिकाबाट रकम रु. १ लाख आर्थिक सहयोग उपलब्ध गराउने।

**निर्णय नम्बर ७:**

यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०९ स्थित दाप्चा स्वास्थ्य चौकी भौगोलिक हिसाबले नमोबुद्ध नगरपालिकाको अधिकांश वडा क्षेत्र र भूगोल समेट्ने स्थानमा रहेको एवं प्रादेशिक राजमार्ग काभ्रेभन्ज्याङ-नमोबुद्ध-दाप्चा-तल्लो हटिया-काक्रेसँग जोडिएको हुँदा सो राजमार्गमा दिनदिनै घट्ने दुर्घटना तथा हाल निरन्तर वृद्धि भई रहेको जनघनत्व र बिरामीको चापलाई समेत मध्येनजर गरी हाल रहेको दाप्चा स्वास्थ्य चौकीलाई दाप्चा नमोबुद्ध नगर अस्पतालमा स्तरोन्नति गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण मापदण्ड समेत पूरा हुने देखिएकोले स्तरोन्नति गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने भनि नगर कार्यपालिकाको मिति २०८०/०३/२५ गते निर्णय भएको र नमोबुद्ध नगरपालिका भित्र एक प्रादेशिक अस्पताल भएता पनि भौगोगिक रुपमा दाप्चा क्षेत्रका नागरिकहरुलाई सो अस्पताल अपाएक पर्ने र सँगै जोडिएको रोशी

निर्णय प्रमाणित

गाउँपालिका भित्र रहेको १५ शैयाको अस्पताल मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१२ गतेसम्म परेको अविरल वर्षात र तत् पश्चात आएको बाढी तथा पहिरोले पूर्ण रुपमा क्षति पुर्याएको र सो क्षेत्र नागरिकहरुलाई समेत प्रस्तावित दाप्चा नमोबुद्ध नगर अस्पताल नै पाएक पर्ने भएको साथै बिरामीको चाप समेत वार्षिक रुपमा ९००० जनाले स्वास्थ्य सेवा प्राप्त गरेको हुँदा उल्लेखित आधार र कारणले दाप्चा स्वास्थ्य चौकीलाई दाप्चा नमोबुद्ध नगर अस्पतालमा स्तरोन्नति गर्न आवश्यक रहेको हुँदा पुनःस्तरोन्नति गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।

**निर्णय नम्बर ८:**

नमोबुद्ध नगरपालिकाको आर्थिक विकास समितिको मिति २०८१/१०/०८ गते बसेको बैठकमा भएको कृषि उपज संकलन केन्द्र निर्माण लगायत भएका निर्णयहरु अनुमोदन गर्ने।

**निर्णय नम्बर ९:**

नमोबुद्ध नगरपालिका ०७ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८१/०८२, च.नं. ११८४, मिति २०८२/०२/०२ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री झयाङतेर नामग्याल छोलिङ गुम्बा नियमानुसार दर्ता गर्ने।

**निर्णय नम्बर १०:**

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१२ गतेको अविरल तथा भिषण वर्षातका कारण आएको बाढी तथा पहिरोजन्य प्रकोपबाट यस नगरपालिकाको पूर्वाधार, विद्युत तथा संचार, कृषि तथा पशुपंक्षी, आवतजावत, आवास, बालीनाली, पशुपंक्षी लगायतको क्षेत्रमा अतुलनीय क्षति भएको र आगामी वर्षातमा समेत थप क्षति हुने अवस्था रहेकोले सोको पूर्व तयारी लागि आवश्यक तपसिल बमोजिमको सामग्रीहरु मिति २०८१/०९/२२ गतेको नगर स्तरीय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार प्रचलित कानून बमोजिम खरिद गरी मौज्दातमा राख्ने।

**तपसिलः**

| क्र.स. | सामाग्री विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १ | ईन्धन | १० लाख बराबरको परिणाम | |
| २ | ग्याबिन जाली | २*१*१/१ मेशिनबाट निर्मित ३०० थान | |
| ३ | त्रिपाल | ५०० थान | |
| ४ | पाईप | | |
| | २० mm | ५००० मिटर | |
| | २५ mm | ५००० मिटर | |

| | | | |
|---|---|---|---|
| | ३२ mm | ५००० मिटर | |
| ५ | उद्दारका सामग्रीहरु | आवश्यकता पहिचान गरी | |
| ६ | रुख कटानको मेशिनरी औजार | २ थान | |
| ७ | अन्य विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरु | अवस्था र आवश्यकता पहिचान गरी | |